**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किमको दुई दिने भ्रमण आजदेखि शुरु हुँदैछ। प्रधानमन्त्रीको भ्रमणलाई ध्यानमा राखेर सुरक्षा व्यवस्था कठोर पारिएको छ|

२. पश्चिम बंगालमा दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि चुनाव प्रचार आज साँझ समाप्त हुनेछ। सबै प्रमुख राजनीतिक दलका नेताहरूले ऱ्यालीहरू आयोजना गरिरहेका छन्।

३. दोस्रो चरणको विधानसभा चुनाव शान्तिपूर्ण तथा निष्पक्ष मतदान सुनिश्चित गर्न सुरक्षा व्यवस्था कठोर पारिएको छ।

४. भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीनले 4 मईले नयाँ बिहानी ल्याउनेछ र पश्चिम बंगालका जनता प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपासँग अगाड़ी बढ्न तयार छन् भनि बताउनु भएको छ।

५. सिलगडीको बंगाल सफारी नजिक राष्ट्रीय राजमार्ग 10 मा भएको एक सड़क दुर्घटनामा एकजना युवकको मृत्यु भएको छ।

**प्रधानमन्त्रीको सिक्किम भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदीको सिक्किमको दुई दिने भ्रमण आजदेखि शुरु हुँदैछ। उहाँ सिक्किमको भ्रमण पूरा गरी भोलि साँझ दुई दिने भ्रमणका लागि उत्तर प्रदेशको वाराणसी पुग्नु हुनेछ। प्रधानमन्त्रीले सिक्किममा ४ हजार करोड़ रुपियाँभन्दा बढीका परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नु हुनेछ।
विज्ञप्तिअनुसार, प्रधानमन्त्री नरेन्द्र मोदी आज दिउँसो लगभग तीन बजी गान्तोक पुग्नु हुनेछ। भोलि २८ अप्रेल बिहान लगभग ९:३० बजी उहाँले गान्तोकस्थित अर्किडेरियमको भ्रमण गर्नु हुनेछ। राज्यको पारिस्थितिक तथा पुष्पीय सम्पदालाई प्रदर्शन गर्न स्वर्णजयन्ती मैत्री मञ्जरी पार्कलाई अत्याधुनिक सुविधासहित विश्वस्तरीय अर्किड अनुभव केन्द्रका रूपमा विकास गरिएको छ।
त्यसपछि बिहान लगभग १० बजी प्रधानमन्त्रीले पाल्जोर स्टेडियममा सिक्किमको राज्य स्थापना भएको ५०औँ वर्षको समापन समारोहमा सहभागिता जनाउनु हुय्नेचा। यहाँ उहाँले राज्यभर ४हजार करोड़ रुपियाँभन्दा बढीका विभिन्न विकास परियोजनाहरूको उद्घाटन, शुभारम्भ र शिलान्यास गर्नु हुनेछ। प्रधानमन्त्रीले यस अवसरमा सभालाई सम्बोधन पनि गर्नु हुनेछ। यी परियोजनाहरू आधारभूत संरचना, सम्पर्क, स्वास्थ्य सेवा, शिक्षा, विद्युत्, शहरी विकास, वातावरण, पर्यटन र कृषिलगायतका विभिन्न क्षेत्रमा केन्द्रित छन् र सिक्किमको समग्र तथा समावेशी विकासलाई तीव्रता दिने उद्देश्य राख्छन्। प्रधानमन्त्रीले नाम्ची जिल्लाको याङगाङमा १०० शय्याको आयुर्वेद अस्पतालको शिलान्यास गर्नु हुनेछ। उहाँले देवरालीस्थित एनआईटीमा ३० शय्याको एकीकृत सोवा रिग्पा अस्पतालको उद्घाटन पनि गर्नु हुनेछ जसले परम्परागत तथा एकीकृत स्वास्थ्य सेवामा पहुँच सुदृढ़ गर्नेछ।

**एनआईए – पश्चिम बंगाल**

पश्चिम बंगालमा ७९ वटा देसी बम जफ्त भएको घटनाको अनुसन्धान गर्न **राष्ट्रीय अन्वेषण अभिकरण-एनआईए**ले मुद्दा दर्ता गरेको छ। एनआईएका प्रवक्ताले भने, आतंकवाद विरोधी एजेन्सीले गृह मन्त्रालयको आदेशको पालना गर्दै मुद्दा दर्ता गरेको छ। यसअघि निर्वाचन आयोगले पश्चिम बंगाल पुलिसलाई चुनाव प्रभावित राज्यभित्र देसी बमको अवैध निर्माणमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न विशेष अभियान सञ्चालन गर्न निर्देशन दिएको थियो। पुलिसले

दक्षिण २४ परगना जिल्लाको भांगरमा रहेको एक व्यक्तिको घरबाट ठूलो संख्यामा देसी बम जफ्त गरेपछि यो निर्देशन जारी गरिएको हो।

**पश्चिम बंगाल विधानसभा चुनाव – तयारी**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणलाई ध्यानमा राख्दै निर्वाचन आयोगले कडा सुरक्षा व्यवस्था गरेको घोषणा गरेको छ। आयोगले मतदान प्रक्रियामा बाधा पुऱ्याउने वा मतदाताहरूलाई धम्क्याउने कुनै पनि प्रयासलाई कडाइका साथ व्यवहार गरिने बताएको छ। आयोगले सुरक्षा बलहरूलाई निर्वाचन क्षेत्रगत तैनाथी सुनिश्चित गर्न र आन्तरिक लेन र संवेदनशील क्षेत्रहरूमा क्षेत्र प्रभुत्व बढाउन निर्देशन दिएको छ, जसले गर्दा मतदाताहरूले निर्भयतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न सकून्। कोलकाता अन्तर्गत पर्ने तीन निर्वाचन जिल्लाका अधिकारीहरू, वरिष्ठ पुलिस अधिकारीहरू र केन्द्रीय बलका कमाण्डरहरूसँग आयोजित उच्चस्तरीय समन्वय बैठकमा २९ अप्रेलमा मतदान हुने तय भएका १४२ निर्वाचन क्षेत्रहरूको तयारीको समीक्षा गरिएको थियो।
राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले दक्षिण २४ परगना जिल्लाको काकद्वीपको भ्रमण गर्नुभयो र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक गर्नुभयो। उहाँले प्रत्येक मतदान केन्द्रमा सीसीटीभी क्यामेरा जडान गरिने बुथहरूमा केन्द्रीय बल तैनाथ गरिने र मतदान केन्द्रहरूको १०० मिटरको दायराभित्र अनाधिकृत व्यक्तिहरूको प्रवेश निषेध गरिने जानकारी दिनुभयो।

**पश्चिम बंगाल – चुनाव प्रचार**

पश्चिम बंगालमा दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि चुनाव प्रचार आज साँझ समाप्त हुनेछ। दोस्रो चरणको लागि मतदान २९ अप्रेलमा १४२ विधानसभा निर्वाचन क्षेत्रमा हुनेछ। यी निर्वाचन क्षेत्रहरूमा उत्तर कोलकाता, दक्षिण कोलकाता, हावडा, नादिया, उत्तर २४ परगना, दक्षिण २४ परगना, हुगली र पूर्वी वर्धमानसहित आठ निर्वाचन जिल्लाहरू पर्दछन्। गत २३ अप्रेलमा पहिलो चरणको मतदानमा ९३.१९ प्रतिशतको रेकर्ड मतदान भएको थियो। सबै प्रमुख राजनीतिक दलका नेताहरूले ऱ्यालीहरू आयोजना गरिरहेका छन्। वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज जगतदलको जिलेपी मठमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नुहुनेछ। केन्द्रीय गृहमन्त्री अमित शाहले दुई रोड शो सञ्चालन गर्नु हुनेछ पहिलो बेहला पुलिस थानाबाट म्यान्टनसम्म जानेछ, जबकि दोस्रो हुगलीको चन्दननगर बागबजारमा हुनेछ। तृणमूल कांग्रेसकी नेत्री तथा मुख्यमन्त्री ममता ब्यानर्जीले आज जादवपुरको सुकान्त सेतुबाट सुरु हुने सार्वजनिक मार्चमा भाग लिनेछिन्, जादवपुर र टोलीगञ्ज निर्वाचन क्षेत्रका पार्टीका उम्मेदवारहरूको समर्थनमा ऱ्याली गर्नु हुनेछ। उहाँले आफ्नै निर्वाचन क्षेत्र भवानीपुरमा सार्वजनिक सभा गर्नु हुनेछ। तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक ब्यानर्जीले पार्टीका उम्मेदवारहरूलाई समर्थन गर्न रानाघाट, हुगली, आरामबाग र महेशतलामा प्रचार गर्नु हुनेछ।
केरला, आसाम, पश्चिम बंगाल, तमिलनाडु र पुडुचेरीमा मतगणना ४ मईमा हुनेछ।

**श्रद्धाञ्जीस्वरूप कार्यक्रम हुने**

सिलगढीमा सञ्चालित एसोसिएशन फर रिसर्च अन् नन्-प्रफीट अर्गनाइजेशन एण्ड भोलन्टरी एक्टिभिस्ट (आरनोवा) ले तीन सर्जकहरूलाई श्रद्धाञ्जीस्वरूप 'सर्जकहरूको सम्झना' कार्यक्रमको आयोजना गर्ने भएको छ। संस्थानका संस्थापक अध्यक्ष रुबेन गुरूङको अध्यक्षता हिजो बसेको सभामा यो कार्यक्रम गर्ने निधो गरिएको छ। आगामी १७ मई, २०२६ आइतबार बिहान १० बजी राष्ट्रिय सर्जक गोपालसिंह नेपाली बस्नेत, साहित्य अकादेमी पुरस्कृत साहित्यकार लक्ष्मण श्रीमल र भर्खरै दिवङ्गत भएकी गायिका आशा भोसलेको सम्झनामा यो कार्यक्रम आयोजन गरिने भएको छ। कार्यक्रममा तीनैजना व्यक्तित्वहरूको योगदानमाथि वक्तव्य, कविता र गीतहरू प्रस्तुत गरिनेछ। उक्त कार्यक्रम सिलगढीको चम्पासरी-मिलन मोड रोडको जादुभिट्टा अवस्थित एसई मार्ट परिसरमा आयोजन गरिने "आरनोवा" का सचिव दिवाकर ढुङ्गेल शर्माले जानकारी गराएका छन्।

**शिवकुमार राईको 108औँ जयन्ती**

खरसाङको गोर्खा जातीय विभूति उद्यानमा गोर्खा जन पुस्तकालय खरसाङद्वारा बहुआयामिक व्यक्तित्व कथाकार शिवकुमार राईको 108औँ जयन्ती पुस्तकालयका अध्यक्ष रविनकुमार प्रधानको अध्यक्षतामा हिजो पालन गऱ्यो। यस अवसरमा समाज सेवक तिलक शर्मा तथा साहित्य अकादमी नेपाली भाषा परामर्श समितिकी सदस्या आशा मुखिया लामा विशेष अतिथिका रूपमा उपस्थित थिए। जातीय विभूतिप्रति श्रद्धासुमन अर्पण गर्न पुस्तकालयका उपाध्यक्ष प्रकाश

प्रधान, सह सचिव गोमा सुब्बा, गोर्खा सांस्कृतिक संस्थानका सचिव प्रणिता मुखिया घिसिङ, कार्यकारी सदस्य सजित खाइबा, सदस्यहरू अरूण लामा, विजया ब्लोन कल्पना छेत्री लगायत गौतम प्रधान,जयराज शर्मा उपस्थित थिए। सचिव विनोद रसाइलीद्वारा सञ्चालित यस छोटो कार्यक्रममा कथाकार, उपन्यासकार, कवि, नाटककार, रेडियो प्रस्तोता तथा एक कुशल राजनीतिज्ञको रूपमा परिचय स्थापित गरिसक्ने राईको संक्षिप्त परिचय सचिव स्वयंले आफ्नो स्वागत सम्बोधनमा राखे भने राईले बाँचेका विविध आयाम र व्यक्तित्वहरूबारे उपस्थित विशिष्ट व्यक्तिहरूले आफ्नो मन्तव्यमा प्रकाश पार्नु भयो।

**नितिन नवीनले रोड शो**

पश्चिम बंगालको पश्चिम बर्दवानमा दोस्रो चरणको मतदान नजिकिँदैछ र चुनावी प्रचार तीव्र गतिमा भइरहेको छ। यही क्रममा भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले हिजो नादिया जिल्लामा रोड शो गर्नु भयो। रोड शोले भाजपा कार्यकर्ता र आम जनता दुवैमा उल्लेखनीय उत्साह जगायो। रोड शोको क्रममा नितिन नवीनले सम्पूर्ण देश प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपाको साथमा उभिएको बताउनु भयो। उहाँले भन्नु भयो, पश्चिम बंगालका जनताले यस चुनाउमा उत्साहपूर्वक भाग लिएका छन् र भाजपाले नेतृत्व गरिरहेको छ। उहाँ अनुसार, राज्यभरिका प्रत्येक विधानसभा क्षेत्रमा भाजपा कार्यकर्ताहरूभन्दा बढ़ी सामान्य मानिसहरू आफ्नो समर्थन व्यक्त गर्न सड़कमा निस्किरहेका छन्।

श्री नितिन नवीनले दाबी गर्नु भयो, अब प्रत्येक घरमा एउटा कुरा भनिएको छ: "यस पटक मोदीजीलाई मतदान गर्नुहोस्।" उहाँले भन्नु भयो, यो जनताको जित हुनेछ। उहाँले आरोप लगाउनु भयो, पश्चिम बंगाल लामो समयदेखि अशान्तिमा छ, जहाँ महिला र युवाहरू अत्याचारको शिकार भएका छन्।

उहाँले भन्नु भयो, 4 मईले नयाँ बिहानी ल्याउनेछ र पश्चिम बंगालका जनता नरेन्द्र मोदी र भाजपासँग अगाड़ी बढ्न तयार छन्।

**सुरक्षा व्यवस्था मतदान**

पहिलो चरणको मतदान समाप्त हुनसाथ चुनाउ आयोगले दोस्रो चरणको तयारीलाई तीव्रता दिएको छ। 142 वटा विधानसभा सीटमा शान्तिपूर्ण तथा निष्पक्ष मतदान सुनिश्चित गर्नको लागि चुनाव आयोगले पुलिस अनि केन्द्रिय बलहरूलाई विस्तृत जिम्मेवारी सुम्पिएको छ। हिजो धनधान्य अडिटोरियममा आयोजित एक समन्वय बैठकमा सुरक्षा व्यवस्थामाथि विस्तृत रणनीति तय गरियो। आयोग अनुसार यसपाली कुनै पनि प्रकारको अशान्तिलाई रोक्नको लागि सुरक्षा बलहरूले मतदान केन्द्रसम्म मात्र सीमित नबसेर ती क्षेत्रहरूका गल्लीहरूसम्म गस्ती गर्नेछन्। जसान्तर्गत 160 वटा मोटरसाइकलहरूमा दुई-दुईजना जवानहरूलाई तैनाथ गरिनेछ जसले गल्लीहरूमा निरन्तर निगरानी राख्नेछन् र कुनै पनि संदिग्ध गतिविधि भएको खण्डमा तुरून्तै कारबाही गर्नेछन्।

बैठकमा यो पनि तय गरियो, मतदानदेखि मतगणनासम्म भयमुक्त माहोललाई कायम राख्नको लागि हरेक स्तरमा निगरानीलाई बढ़ाइनेछ। संवेदनशील क्षेत्रहरूमा अतिरिक्त बललाई तैनाथ गरिनेछ भने आवश्यकता परे मतदान केन्द्रहरूसम्म पुग्ने बाटोमा पनि सीसीटीभी क्यामरा जड़ान गरिछ। क्विक रेस्पोन्स टीम अनि पुलिस बलको तैनाथीलाई लिएर विस्तृत योजना प्रस्तुत गरियो।

आयोगले पुलिस एवं सुरक्षा बलहरूलाई स्पष्ट निर्देश दिएको छ, कानून व्यवस्थालाई कायम राख्नमा कुनै पनि प्रकारको लापरवाहीलाई सहन गरिनेछैन। कुनै पनि प्रकारको गड़बड़ी भएको थाहा लागे तुरून्तै कारबाही सुनिश्चित गर्न भनिएको छ।

**सिलगडी दुर्घटना**

सिलगडीको बंगाल सफारी नजिक राष्ट्रीय राजमार्ग 10 मा भएको एक सड़क दुर्घटनामा एक जना युवकको मृत्यु भएको छ।

**सुन्नुहोस हाम्रो सम्वादाताको एक रिपोर्ट**

**प्रधानमन्त्रि सुरक्षा**

**प्रधानमन्त्रि नरेन्द्र मोदीको दुई दिवसीय सिक्किम भ्रमणलाई ध्यानमा राख्दै आज सिलिगुडीको परिवर्तन नगर देखि दार्जीलिंग मोड अनि देजीलिंग मोडदेखि दुई माइल चेकपोस्टसम्म अनि सुकना देखि ऐरभिउ मोडसम्म विहान ८ बजे देखि साँझ 6 बजे सम्म यातायात सम्बन्धित विभिन्न नियमहरु लागु हुनेछ साथै यी क्षेत्रहरुमा**

सुरक्षा व्यवस्ता पनि कडाइका साथ पालन गरिनेछ | बागडोगरा हवाई अड्डा क्षेत्रको 5 किलोमीटर परिधि भित्र निषेधाज्ञा जारी गरिएकोछ। प्रधानमंत्रीको सुरक्षालाई ध्यानमा राख्दै सिलगढी पुलिय आयुक्त कार्यालयले आज बिहान 6 बजे देखि बेलुकी 6 बजी सम्म तथा भोलि पनि बिहान 6 बजी देखी बेलुकी 6 बजे सम्म कुनै पनि ड्रोन उडाउन पूर्ण रूपले निषेध गरेकोछ।